# ३. श्री नरबहादुर भण्डारी

*[संवत् २०५० साल चैत्र १६ गते रोज ३ का दिन आयोजित विशेष समारोहमा "नेपालबाहिर नेपाली भाषा र साहित्यको समुन्नतिमा व्यक्तिगत तथा संस्थागत स्तरमा असाधारण योगदान गरेवापत" प्रदान गरिएको संवत् २०४७ सालको पुरस्कार 'जगदम्बा श्री' ग्रहण गरेपछि सिक्किमका तत्कालीन मुख्य मन्त्री श्री नरबहादुर भण्डारीले व्यक्त गर्नुभएको उद्‌गार। यो उद्‌गार 'नेपाली' त्रैमासिक अङ्क १३८ बाट उद्धृत गरिएको हो। स्मरणीय छ, सामान्यतया यो पुरस्कार संवत् २०४८ साल आश्विन २५ गते रोज ६ का दिन आयोजित समारोहमा संवत् २०४७ सालको 'मदन पुरस्कार' समर्पण गर्दाखेरि समर्पण गरिनुपर्ने थियो। तर विशेष कारणवश त्यस बखत श्री भण्डारीले स्वीकृति पठाउन नसक्नुभएकोले त्यसबखत समर्पण गर्न नसकिएको हो। (हेर्नू नेपाली अङ्क १२८ को पृष्ठ २० र २१)]*

नेपाली वाङ्‌मयका स्रष्टाहरूलाई विगत ३ दशकदेखि मदन पुरस्कारद्वारा अभिप्रेरित र सम्मानित गर्दै आइरहेको मदन पुरस्कार गुठीका आदरणीय अध्यक्ष महोदय एवं महासचिव र माननीय सदस्यगण! यस जगदम्बा पुरस्कार प्रदान समारोहमा उपस्थित पूज्यनीय वर्ग, भाषा र साहित्यलाई आफ्नो जाति राष्ट्रको अस्तित्व मानी त्यसैको निस्वार्थ सेवामा समर्पित साहित्यप्रेमी बन्धुवर्गहरू!

धेरै लामो प्रतीक्षापछि आफूहरूसित यसरी साक्षात् हुने सौभाग्य प्राप्त भयो। यस अवसरमा केही भन्न सुरु गर्नुअघि मदन पुरस्कार गुठीकी संस्थापिका दानशीला स्वर्गीय जगदम्बा राणाको दिवंगत आत्माप्रति श्रद्धाञ्जली अर्पण गर्दछु। हुन त मदन पुरस्कार गुठीअन्तर्गत यस जगदम्बा-श्री पुरस्कारको पुनीत स्थापना नै उनीप्रति देखाइएको, अर्पिएको एक अपूर्व सद्‌भावना हो। यस्तो प्रतिष्ठित पुरस्कारको लागि यहाँका विद्वत्‌वर्गले मेरो नामको चयन गर्नुभयो, मेरो कामको सराहना गर्नुभयो। वास्तवमा यो नामसित सिक्किम राज्यको ढुङ्गा, माटो, खेत सल्याङ वनजङ्गल र खोलानालाको साइनो पनि गाँसिएको छ। सिक्किमका शान्तिप्रिय सरल स्वभावका इमान्दार सिक्किमेहरूको आस्था टाँसिएको छ। त्यसैकारण सिक्किमे जनताहरूको माया छातीमा बोकेर उनीहरूको शुभेच्छा बधाईसहित आफूहरूसमक्ष उपस्थित भएको

छु। त्यसैकारण आज मलाई प्रदान गर्नुभएको यो पुरस्कार मैले आफ्नो निम्ति होइन तिनै सिक्किमे जनताको लागि स्वीकार गरेको छु किनभने म आज जे छु, जस्तो छु, जहाँ छु त्यहाँ मलाई पुऱ्याउने प्यारी मेरी मुमा, बुबा र सिक्किमका जनताप्रति आभार प्रकट गर्दछु।

साहित्यको गहन अध्ययन गर्ने सुयोग मलाई प्राप्त भएन तर जीवनजगत्का गुरु तत्त्वहरू बुझ्दै जानु मलाई कर लाग्यो। भाषा र साहित्यप्रतिको रुझान मेरो त्यति नै हो। आफूले बुझेको कुरा अरूलाई बुझाउन खोज्ने उनीहरूले बुझ्ने पारामा उनीहरूकै भाषामा बोल्दा सद्भाव स्थापना हुन्छ भने मबाट त्यसको खोजीको चेष्टा भएछ। साहित्यको लक्ष्य एवं उद्देश्य नै संश्लेषण, समन्वय र सर्वोपरि हित हुँदोरहेछ भने जानअन्जानमा आफ्नो परिधिभित्र मबाट ती कार्यहरू सम्पन्न भए होलान् र नै नेपाल अधिराज्यका विज्ञजनबाट यो जगदम्बा-श्री पुरस्कार मेरो भाग्यलाई पऱ्यो होला। हुन त सन् १९९१ सालमा नै यो पुरस्कार आफूहरूले मलाई प्रदान गर्ने घोषणा गर्नुभएको थियो तर मैले पनि एउटा बाचा बाँधिलिएको थिएँ। नेपाली भाषालाई भारतको संविधानमा मान्यता नदिलाएसम्म कुनै पुरस्कार थाप्दिनँ भनेर। यो किटान नै थियो, सङ्कल्प थियो। आफूहरूको शुभेच्छा, नेपाली भारतीय नेपालीहरूको आँट भरोसा र सिक्किमे आमा-बुबाको 'आशीर्वाद'ले २० अगस्त १९९२ का दिन नेपाली भाषालाई संवैधानिक मान्यता प्राप्त भयो। एउटा काम फत्तेह भयो। काम फत्तेह भएपछि मात्र यतातिर आउँदा सुहाउँछ जस्तो लाग्यो। यसबाहेक कतिपय कारणले आउन पाइएन। यसका निम्ति आफूहरूसित क्षमायाचना गर्दछु र परिवेश बुझिदिन आग्रह पनि गर्दछु। सम्माननीय शाहज्यूका कुराहरू सुन्दा म त छक्कै परेँ र त्यसैले गर्दाखेरि मैले पनि एक दुइटा कुरा भन्न कर लाग्यो। यो परिधिदेखि अलि बाहिर हुन जान्छ होला तर भए तापनि सिक्किमबारे अलिकति भन्नुपर्छ जस्तो लाग्यो। यहाँ म देख्दैछु सबै विद्वान्, विदुषीवर्ग तथा साहित्य बन्धुहरू। वहाँहरूका अगाडि म अलि व्यङ्ग्यात्मकतिर जाऊँ कि जस्तो लाग्यो। किनभने म राजनैतिक भएकोले मैले राम्रै कुरा गर्दा पनि नराम्रै कुरा लेखिदिन्छन्। हामीहरू अध्यात्मिक सुख अनुभव छोडर भौतिक सुखतिर लागेका छौं, सिक्किममा। सिक्किमलाई मुटुभरि बोकेर हिँड्ने गर्छु, सिक्किमलाई खोज्दा मेरा पाकेका घाउ बल्झे जस्तो लाग्छ। सिक्किमका कति धेरै मर्काहरू मुटु मिचेर बिर्सिनुपरेको छ। साह्रै चेप्टो, घोप्टो, नेप्टो परेर तथा धेरै खप्की खाएको भुक्तभोगी मान्छे भनेर यहाँहरूले सम्झिनुभयो, यसमा अवस्य रहस्य छ होला। म सिक्किम सरकारमा आएपछि सिक्किमेको आँशु पुछ्ने धेरै काम भएको छ। यहाँहरूलाई खुसी लाग्छ होला। मलाई अवश्य विश्वास छ। सिक्किममा राम्रो भयो भन्दै नेपालमा सबै खुसी मान्छन् जस्तो हामी अनुभव गर्छौं र त्यहाँ धेरै काम भएको छ। अँध्यारो सिक्किमलाई उज्यालो बनाइएको छ जब म सरकारमा आएँ, म एउटा गरीबको छोरा। टुकीमा पढ्ने मान्छे मेरो गाउँमा १५२ बटा

घर थिए। ती घरमा म्याट्रिक पास गर्ने एउटा पनि थिएनन्। मलाई पनि पढ्न दिइँदैन थियो। त्यस्तो परिस्थितिमा हुर्केको मान्छे म र मलाई अऊै पनि थाह छ। आमाले मकै पिन्नुहुन्थ्यो, जाँतो घुमाई बस्नुहुन्थ्यो। जाँतोको कुनामा आमाको छेउमा बसेर म आमाको सङ्गिनी गाउँदै मकै पिँधेको हेर्थें र पढ्थें। त्योभन्दा अलि पढ्यो भने दाजुहरूले लात हानिहाल्थे त्यस्तै थियो। अँध्यारो सिक्किमलाई उज्यालो बनाइएको छ भन्नुको मतलब आज सिक्किमको घरघरमा बिजुलीबत्ती बल्छ। धनीका आँगनमा बिजुलीको खम्बा गाडेको हुन्छ तर गरिब तान्न सक्दैन। त्यसलाई सरकारले तानिदिन्छ। कमसेकम गरिबको घरमा दुईवटा बत्ती सित्तैंमा बल्छ। साँगुरा सिक्किमलाई फराकिलो पारेको छ र यो त व्यङ्ग्य नै भयो। जोग्राफिकल्ली हेर्‍यौं भने सिक्किम त त्यस्तै हो र यो भण्डारीले कसरी ठूलो पार्‍यो भन्ने कुरा आउँछ तर वास्तवमा साँगुरो सिक्किमलाई फराकिलो पारेको छ भन्नुको अर्थ हो – भूमिपुत्र नीति कायम गरेको छु। त्यसो गर्दाखेरि भूमिपुत्र-पुत्रीहरूलाई निकै फराकिलो भयो। अथवा त्यो पनि बुझिन्छ सानासाना बाटाहरूलाई अर्कोतिरबाट ठूला-ठूला बनाएको छ, राम्रो बनाएको छ। एउटा कुरामा यहाँ दिदीबहिनीहरूलाई साह्रै खुसी लाग्छ होला सिक्किम सरकारमा काम गर्ने जति पनि सरकारी कर्मचारीहरू छन् तिनीहरूमा ५३ प्रतिशत नारीहरू नै छन्। मलाई आमाको साह्रै माया लाग्छ। यो त नौलो कुरा होइन। यो सबैलाई लाग्छ। मैले ज्यादै माया गर्ने आमा, दिदीबहिनीहरूका भारी र पानी बोक्ने नाम्लो काट्छु भनेर मैले १९८० सालमा प्रतिज्ञा गरेको थिएँ। अब हामीले ८५ प्रतिशत पानी बोक्ने नाम्लो काटिसकेका छौं। यहाँहरूलाई विश्वास नलागे आजै म चुल्हो-निम्तो दिन्छु। यहाँहरू सिक्किममा आएर हेरिदिनुहोस्। आज सिक्किमका विद्यार्थीहरूलाई पनि भाग्यमानी बनाइएको छ। भन्नुको अर्थ १९५५ सालमा म पाँचौं श्रेणीमा पुगेको थिएँ। त्यतिबेला मैले अङ्कगणित भन्ने पुस्तक ५ रु. २५ पैसामा किन्न सकिनँ। यसरी किताब किन्न नसक्दाखेरि एकजना गुरुआमाकहाँ गएर किताब किनिदिनुस् भनेर बिन्ती गरें। वहाँले एउटा शर्तमा किताब किनिदिनुभयो। मैले वहाँको घरमा छ महिना घाँस काटें। त्यसैले अहिलेका सिक्किमका विद्यार्थीलाई म भाग्यमानी नै भन्छु। १९७९ सालको १८ ता. अक्टुबरमा म सरकारमा आएँ। १९८० सालदेखि मैले सिक्किमका जम्मै विद्यार्थीहरूलाई पाठ्यपुस्तक निःशुल्क बाँड्न थालेको छु र विद्यार्थीहरूलाई सिक्किममा कलेजसम्म खजाना शुल्क लाग्दैन। पाठ्यपुस्तक बाह्रौं श्रेणीसम्म किन्नुपर्दैन र जति पनि प्राविधिक र अन्य प्रकारका शिक्षाहरू तिनका लागि सिक्किमभरि र सिक्किमदेखि बाहिर जानुपर्छ भने उनीहरूका लागि सिट रिजर्भ मैले गराएको छु। हाम्रा विद्यार्थीहरू पढेर आफ्नो जन्मभूमिमा फर्कन्छन्। स्वास्थ्यका क्षेत्रमा सिक्किमका बिरामीहरूलाई दवाइ पानी हुन्छ, उपचार हुन्छ उनीहरूलाई सित्तैंमा दिइन्छ। दवाई किन्नुपर्दैन। त्यसबाहेक सिक्किमदेखि बाहिर कलकत्ता, दिल्ली, बम्बई, भेलौर जहाँ पनि हाम्रा बिरामी जान्छन् उनीहरूलाई सरकारले खर्च दिन्छ। जति खर्च भएको छ त्यसलाई 'रिइम्बर्स' गरिन्छ। अनि कलकत्ता, बम्बई, दिल्ली र सिलीगुढीमा बस्ने बन्दोबस्त

पूरा गरिएको छ। सिक्किममा जेजति भारत सरकारबाट पैसा आएको छ आउँछ, यो जनताकै लागि खर्च हुनुपर्छ भन्ने मेरो एउटै सिद्धान्त छ। यहाँ मैले व्यङ्ग्य हानेको छैन। अर्को कुरा सबै पक्का काम हुनुपर्छ। जब एउटा पुल बनिन्छ भने त्यो पुलमा नाति, पनाति, खनातिसम्म हिँड्न सक्नुपर्छ। यस्ता पुल बनेका छन्। तपाईंहरूलाई हेर्न मन लाग्यो भने यहाँहरूलाई त्यसको निम्तो छ। सिक्किम भारतको एउटा अभिन्न अङ्ग बनेको छ या बनाइएको छ। तर सिक्किमका मानिसले भारतका प्रायः कुनै करहरू तिर्नुपर्दैन। आजसम्म आयकर जस्तो प्रत्यक्ष करहरू तिर्नुपर्दैन। तिर्नको लागि कानुन त पास भएको छ तर भित्र छिर्न पाएको छैन। सिक्किम सरकारमा धर्म-विभाग पनि छ, धर्म-विभागका मन्त्री पनि हुनुहुछ र धर्म-विभागको विधायक पनि हुनुहुन्छ। अब म लड्दै छु। लिम्बू र तामाङलाई जनजातिमा गाभिहाल्ने कुरो टुङ्गोमा पुगिसकेको छ। १९८० सालमा हाम्रो यहाँ नेपाल अधिराज्यका भूतपूर्व प्रधानमन्त्री गिरीज्यू सिक्किम जानुभएको थियो। मैले रम्पुमा उहाँलाई रोकें। कानुन नै त्यस्तो थियो। मुख्यमन्त्री भएपछि कानुन शिरमा राख्नै पर्छ। उहाँ पनि फेरि खबर नदिई आउनुभयो, खबर दिएर आएको भए एउटा अर्को कुरा हुन्थ्यो। तर यसमा पनि हामी लड्दै छौं। भारत सरकारसँग लडेर अब कुनै पनि पर्यटक स्वदेशी वा विदेशी सिक्किम जान सक्छ। स्वीकृति पाइन्छ। यहाँ हाम्रो राजदूतबाट या सिक्किम हाउस दिल्ली अथवा कलकत्ता र सिलगढीबाट पनि पाइन्छ। हामी आफैं पनि दिन्छौं, भारत सरकारले पनि दिन्छ, त्यसैले गर्दा कसैलाई रोकावट छैन। तर हामी नेपालबाट जानेलाई त्यतिबेला अलि प्रतिष्ठित ठूल्ठूला मान्छेलाई मात्र रोक्थ्यौं, अरूलाई त होइन। अरू त अहिले सिक्किम गयो भने हाम्रो सिक्किमको माथि नापुलादेखि लिएर तलको रम्पुको बोर्डरसम्म जान सकिन्छ। अर्को राम्रो कुराचाहिँ ७० हजारभन्दा देखि बेसी मानिसहरू सिक्किममा रैथाने थिए। लेप्चा, भोट्या, नेपालीहरू चाहिँलाई नागरिक हक थिएन। भारत सरकारसँग लडेर यो पनि हामीले दिलाई छाड्यौं। अब वहाँ कोही नागरिकता नभएका मान्छे छैनन्। र सिक्किमका जनतालाई म कहिले पनि भोट्या पनि भन्दिनँ, लेप्चा पनि भन्दिनँ, नेपाली पनि भन्दिनँ, सबैलाई मेरो एउटै शब्द छ सिक्किमे। त्यति मात्र होइन, हुन त म क्षेत्री हुँ, तर म क्षेत्री होइन भन्छु मेरा क्षेत्रीहरू पनि मसँग रिसाउँछन्। ब्राह्मणहरू पनि रिसाउँछन् किनभने भाषण गर्दा म भन्छु हाम्रो जात जम्मा दुइटा छन् स्त्री र पुरुष। त्यहाँदेखि अर्को जातै छैन। अनि जबजब अन्तर्जातीय इन्टरकास्ट विवाह हुन्छ त्यसमा म कुनै हालतले आइपुग्छु भनेर म भन्नेगर्छु, म साँच्चै नै निम्तो पनि पाउँछु र म पुग्छु पनि।

महान् भारतको सन्दर्भमा हेर्‍यौं भने १५ वर्षसम्म शान्ति कायम गरेर एउटा सरकार चलाउन त्यति सजिलो छैन। त्यहीमाथि म त एउटा प्राथमिक विद्यालयको मास्टर। कहिले फाइल देखेको पनि थिइनँ। एम.एल.ए. पनि कहिले भएको थिइनँ, एकै चोटि त्यो चौकीमा पुगें। उनीहरूले मेरो अगाडि सप्पै फाइल थुपारिदिए। कोठाभरि

फाइल देखें, म छक्क परें। मैले ती फाइल फेददेखि टुप्पैसम्म पढें। त्यसरी त पढ्नु पर्दैन रहेछ, माथि मात्र हेर्दा हुँदो रहेछ, अहिले पो चाल पाउँदै छु। म तीन खेप मुख्य मन्त्री भएँ। राम्रो काम गर्न अघि बढें भने 'आशीर्वाद' त राम्रै पाइएको रहेछ। मैले सानो बहुमत लिएर सरकार बनाएको थिएँ १९७९ सालमा। गर्भनर तालियार खानजीको आशीर्वादले गर्दाखेरि लगत्तै भारतको लोकसभा पुगें। त्यहादेखि वहाँकै आशीर्वादले गर्दा अर्को हाम्रो विधान सभाको चुनावमा ३२ जनामा मैले ३० जितेर म फेरि मुख्यमन्त्री भएँ। राजनीति भनेको खतरा हुँदो रहेछ, तपाईंहरूलाई त्यस्तो दशा नलागोस्। मलाई त त्यो दशा पनि लाग्यो। १९७९ सालमा मेरी बूढीलाई पनि काङ्ग्रेसतर्फ फकाएर लगेको थियो। बूढी उता काङ्ग्रेसपट्टिबाट लड्दै छे म यता रिजनल पार्टीबाट। बूढा र बूढीको भाषण कस्तो कराँतिलो भयो होला? त्यो पनि राम्रो भयो। त्यसैले गर्दाखेरि लोकसभाको सिट पनि मैलें जितें, राज्य सभाको सिट पनि जितें अनि ३२ मा ३२ नै सिट जिती बूढीलाई नाङ्गै पारें। योचाहिं नराम्रो भयो होला। मैले भनेको मतलब बूढाको दोष नभईकन बूढीले छोडेर गयो भने यस्तो हुन्छ भन्ने मैले उदाहरण दिएको मात्रै हो। तर केही छैन, बूढाबूढीको झगडा 'परालको आगो' भने जस्तै हुँदो रहेछ। फेरि ३२ जना एम.एल.ए. हरूले बूढीलाई फर्काएर ल्याए। हामी मिल्यौं। पछि लोकसभा चुनाव भयो त ८५ प्रतिशत भोट लिएर बूढीले हाम्रो पार्टीबाट फेरि जिती। फेरि हामी एकै ठाउँमा छौं।

मलाई एउटै कुरा भन्न मन लाग्छ यहाँ नेपाल अधिराज्यको राजधानीमा आइपुग्दाखेरि कि राजनैतिक स्थिरता भनेको देशको प्रगति हो, देशको शान्ति पनि हो। जबसम्म राजनैतिक स्थिरता छैन न त देशमा प्रगति हुन्छ न जातीय सद्भावना हुन्छ। त्यसैले गर्दाखेरि सबभन्दा ठूलो कुरा राजनैतिक स्थिरता हुनुपर्छ। अहिलेसम्म मैले सिक्किमको राजनीतिमा खुट्टा हालेको २१ वर्ष टेक्दै छ। १५ वर्षदेखि म सरकारमा छु। १५ वर्षमा जम्मै जोडेर ११ वटा चुनाव भएको छ। कैले राज्यसभाको, कहिले लोकसभाको, कहिले विधानसभाको। टक्र्याक-टुक्रुक गर्दा ११ वटा चुनाव भएछ। तर ११ वटै चुनाव अहिलेसम्म जितियो, अब पछि के हुन्छ भन्न सकिंदैन। म एउटै व्यक्ति हुँ। नेपाल राष्ट्रबाट र भारत देशबाट मैले अहिलेसम्म ६ वटा पुरस्कार हरू पाइसकेको छु। जनताको भोट माग्दा पाइन्छ तर पुरस्कार माग्दा पाइँदैन। यो बडो अप्ठ्यारो छ। यसै सिलसिलामा भन्छु आजसम्म मलाई प्रदान गर्न घोषणा भएको पुरस्कारहरूको नाम म तपाईंहरूलाई भन्दछु। तिनमा 'जगदम्बा-श्री' पुरस्कार जतिको चर्चा अरूको भएको जस्तो मलाई लाग्दैन। भाषा साहित्यको लागि भएको हुनाले यस्तो भएको होला। एक नम्बरमा सन् १९९० सालमा बम्बे इन्टर न्यासनल फ्रेन्डसिप सोसाइटीले 'विजयश्री' पुरस्कार घोषणा गऱ्यो। दोस्रो नम्बरमा त्यही साल नयाँ दिल्लीको इन्स्टिच्युट अफ इकोनोमिक स्टडिजले 'लोकश्री' पुरस्कार प्रदान गऱ्यो। नयाँ दिल्लीकै शिरोमणि इन्स्टिच्युटले 'शिरोमणि विकास' पुरस्कार प्रदान गऱ्यो र १९९२ सालमा

राष्ट्रिय हिन्दी अकादमीले 'राष्ट्रिय भाषा रत्न' पुरस्कार पनि प्रदान गऱ्यो। नेसनल प्रेस अफ इन्स्टिच्युटले 'भारतसूर्य सम्मान' पुरस्कार प्रदान गऱ्यो। यसमा हाम्रो लोकसभा अध्यक्षले सो पुरस्कार मलाई प्रदान गर्नुभयो । यसमा धेरैले मलाई बधाई पनि पठाए। म साक्षात् आफै गएर यो पुरस्कार थाप्दै छु। पुरस्कार कुनै पनि घोषणा भए तापनि मैले थापेको छैन। किनभने मलाई लाज लाग्छ। आज पनि म लजाउँदै यहाँ आइपुगें, आइपुग्नेबित्तिकै 'बेउला' भन्दा त छतिचूर्न भइहालें। तर यी पुरस्कार र सम्मानहरू राष्ट्रप्रति निष्ठापूर्वक सेवा पुऱ्याएबापत द्रुतगतिमा सिक्किममा विकास गरेबापत नै प्राप्त भएका हुन्। घोषणा गरेका छन् यहाँ आउनुअघि यो भारतसूर्य गत जनवरी २३ तारिखका दिन मैले थापेको हो र आफैले गएर यो थापें। श्री पशुपतिनाथको इच्छामुताबिक जगदम्बा-श्री पुरस्कार स्वीकार गर्ने सौभाग्य प्राप्त भयो। त्यसैले गर्दा आज बिहान सबभन्दा पहिले पशुपतिनाथको दर्शन गर्न पुगेको थिएँ। गुह्येश्वरी, दक्षिणकाली, स्वयम्भू, बौद्ध हुँदैहुँदै म यहाँको यो सभामा आइपुगेको छु। समयमा पुरस्कार लिन आएन भनी दुख:पन गर्नुहोला। मैले यहाँ पुरस्कार थाप्दा नयाँ अनुभव भयो। यस्तो कुरा थाप्दा सधैं मुनिबाट हात थाप्नुपर्छ। यहाँ त माथिबाट हात थाप्नुपर्ने रहेछ। फेरि पछि पनि थापूँथापूँ जस्तो लाग्दै छ।

यहाँहरूलाई विदित्तै छ कि मेरो जन्म पश्चिम सिक्किममा भएको हो र मदन पुरस्कार गुठी स्थापना भएर पञ्जीकृत भएर धेरै स्रष्टाहरूलाई अभिनन्दित गरिसकेको रिकर्ड हेर्दा खुसी लाग्छ मलाई। यस्तो प्रतिष्ठित संस्थाबाट जगदम्बा-श्री पुरस्कारबाट सम्मानित हुनु मैले आफ्नो अहो भाग्य ठानेको छु। हुन त कुनै पुरस्कार निम्ति भनेर कसैले काम गरेको हुँदैन। तर एउटा अन्तरप्रेरणा, क्यै गर्ने हुटहुटी छातीभित्र उकुसमुकुस भई नै रहन्छ। मान्छेमा लोककल्याणका निम्ति चिन्तन गर्दा गरिब दु:खीका समस्या समाधान गर्न लाग्दा पुरस्कृत हुनु आनन्दकै कुरो हो। तर अहिले मुख्य मन्त्रीलाई सम्मानित गरेर तपाईंहरूले सिक्किम राज्यका शान्तिप्रिय, कानुनप्रिय जनताको सम्मान गर्नुभएको छ।

तालियार खान, अब अघि शाहजीले भनेको तालियार खानका बारेमा अलिकति। उहाँ सिक्किमको गभर्नर हुनुहुन्थ्यो। वहाँचाहिँ मेरो शब्दमा भन्ने हो भने वहाँ चाँहि मेरो 'गड फादर' हुनुहुन्थ्यो। वहाँले मेरो सरकार नतोडिदिएको भए म मुख्यमन्त्री हुने नै थिइनँ। कहिलेकहिले यस्तो 'आशीर्वाद' पनि पाइँदो रहेछ। तपाईंहरूलाई पनि यसो पिर-मर्का पऱ्यो भने हतोत्साह हुनुहुँदैन भन्ने सल्लाह दिन्छु। हतोत्साह हुनु राम्रो होइन। त्यसमा दह्रो खुट्टा टेक्यो भने हाम्रो भविष्य बन्छ पनि। एउटा अर्को राम्रो कुरो छ। सायद यतातिर पनि छ कि मैले थाहा पाएको छैन। सबै राज्यतिर खोजें तर पाइनँ। त्यो के हो भने १९८५ सालदेखि सिक्किममा यो प्रथा लागू गरेको छ। जति जना विधवा छन् उनीहरूको फेरि विवाह गर्ने केटा पाइयो भने, विवाह भयो भने प्रत्येक विवाहित जोडीलाई १० हजार दिने गरेका

छौं। यहाँ बेउलाको कुरा उठेकोले मैले यो कुरा गरेको मात्रै हो तर मलाई त यस्तै लाग्छ कि मेरा सिक्किमेहरू सधैं हाँसेको देख्न पाऊँ।

अब, नेपाली भाषालाई संवैधानिक मान्यता दिलाउनको लागि गरिएको ४० वर्ष देखिको सङ्घर्ष हो यो। यहाँहरूलाई सवै थाहा नै छ तर एउटै कुरो हामीहरूले अठोट गरेका थियौं। म राष्ट्रिय परिषदको अध्यक्ष छु, राष्ट्रिय परिषद्को महासचिव लामाज्यू पनि यहाँ हुनुहुन्छ। हामीहरूले नेपाली भाषालाई भारतको संविधानमा गाभ्नको लागि एउटै मन्त्र लिएका थियौं। त्यो मन्त्र थियो, 'राजनीतिभन्दा माथि उठेर'। 'एबोभ पोलिटिक्स' राजनैतिकदेखि माथि उठेर यो माग माग्यो भने मात्र यो माग पाइन्छ भन्ने हाम्रो सङ्कल्प थियो। यस सन्दर्भमा हामीलाई ठाउँ-ठाउँबाट, थुमथुमबाट, हामी भाषाको आन्दोलनमा जलेर मर्छौं भनेर कागजहरू पनि आएका थिए। मैले वहाँहरूलाई जवाफमा भनें– तपाईहरू नै जलेर मरे भाषा कसको लागि? जातिलाई जलाएर मार्नको लागि भाषा मागेको होइन। ७६ जनाले जलेर मर्ने दरखास्त दिएका थिए। हामीहरूले त्यो मानेनौं र नमानीकन हामीहरूले सङ्घर्ष गरिकनै यो पार लगायौं। पार लगाउनमा तपाईहरू सबैको आशीर्वाद छ। सिक्किममा लेप्चा, भोट्या, शेर्पाहरूको सिट आरक्षण गरिसक्यौं विधानसभामा। मैले एउटा योजना सिक्किममा चलाएको छु, जसमा सिक्किमका प्रत्येक घरमा च्यादर (टिनका छाना) लगाउनुपर्छ भनेर। त तपाईहरू गएर हेर्नुस्। शाहज्यू पहिला पनि जानुभएको छ, अब जानुभयो भने, धेरै ५० प्रतिशत घरमा च्यादर लागेको पाउनुहुनेछ। यो एउटा राम्रो काम भएको छ र सिक्किमको सरकारी कर्मचारी हुन या गरिब दुःखी जनता हुन् च्यादर मात्र दिईदैन, हामी अनुदान पनि दिन्छौं। जुन अनुदान दिएपछि वहाँहरूलाई हामी हाँसीहाँसी भन्छौं, तपाईहरूलाई दिएको ऋण हो तर फर्काउनुपर्दैन। ऋण त ऋणै हो तर फर्काउनु पर्दैन। यो कुरा हामी गर्दै छौं। सस्तोसस्तो ब्याजमा हामी गरिबवर्गलाई नगद ऋण दिई उकास्ने काम पनि गरिरहेका छौं। व्यापार, उद्योगधन्दा गर्न हामी ऋण दिन्छौं र स्टेट ब्याङ्क सिक्किम हाम्रो आफ्नो बैंक हो। अरू राज्यको यस्तो बैंक छैन। सिक्किममा धेरैजसो आफ्नै प्रकारका संस्था छन् किनभने भारतीय संविधानको धारा ३७१ अनुसार यो संविधानअन्तर्गत सिक्किममा भएका पुराना कानुनहरूचाहिँ कम्पिटेन्ट अथारिटी सक्षम प्राधिकरणले मात्र फेर्न या परिवर्तन गर्न सक्छ भनेका छन्। त्यो भनेको केन्द्रीय मन्त्रीमण्डलले मात्र त्यसो गर्न सक्छ। हाम्रो बैंक पुरानो ऐनबाट सञ्चालन भएकाले हाम्रै अधीनमा छ। त्यसै अधिकारबाट हाम्रो बैंकबाट ऋण लिने गरिबहरूको पुरानो ब्याज सबैको जम्मै माफ गरिदिएँ। यसरी कतिजना आफ्नो ऋणबाट मुक्त भएका छन् र जसरी भए पनि सिक्किमका नेपालीहरूको हक,हित र हामीले सुरक्षा गरेका छौं। यसो गर्नु निकै सङ्घर्ष गर्नुपर्दो रहेछ, साह्रो पर्दो रहेछ। यही कुराको लागि नै हो अघि शाहज्यूले भनिहाल्नुभयो, हाम्रो सरकार असंवैधानिक ढाँचामा तोडिएको थियो। त्यो कसरी तोडिएको थियो

भन्नेबारे र त्यसको लागि एउटा सानो किताब पनि हामीले तयार पारेका छौं। पक्कै निखुर नेपालीले आसामबाट भोट पाएर आएर केको कुरा गर्छ, नेपाली भाषाको पनि विरोध गरी अप्ठ्यारो अप्ठ्यारो कुरा गऱ्यो । तर हामीहरूले वहाँहरूलाई धन्यवाद गऱ्यौं। किन धन्यवाद गऱ्यौं भने वहाँहरूको कुराले गर्दाखेरि हामीहरूमा अति जोश बढेर आयो। हाम्रो नेपाली समाजमा यस्ता मान्छे पनि रहेछन् यिनीहरूलाई देखाउनका लागि पनि लडाइँ लड्नुपर्छ भन्नेपट्टि नै हामी लाग्यौं। साँच्चै नै त्यो राम्रो पनि भयो र त्यसैकारण हामीले आफ्नो भाषा, जाति र राष्ट्रको चिनारी पाउँछौं। आज हिन्दूस्तानमा नेपाली भाषाले संवैधानिक मान्यता पायो । यो पाएकोले के भयो ? यो प्रत्येक नेपालीका हृदयमा, छातीमा एउटा गर्व छ, हामीहरूले देशमा चिनारी पायौं। हामी दोस्रो दर्जाका नागरिक थियौं । अब पहिलो दर्जाको समानता पायौं । यही एउटा गर्व छ, भारतीय नेपालीहरूलाई देश र राष्ट्रको चिनारी भएको छ। चिनारी भएपछि अस्तित्व पनि हुन्छ । चिनारीविनाको अस्तित्व कामै लाग्दैन । म यहाँका समस्त नेपाली-भाषीहरूप्रति शुभेच्छा जनाउँदै छु। भाषा, साहित्य र संस्कृतिको विकासमा पशुपतिनाथको 'आशीर्वाद' सधैं प्राप्त भइराखोस् यही मेरो प्रार्थना छ। अन्तमा सबैमा आभार जनाउँदै विदा चढाउँछु। यहाँहरूको आशीर्वाद शिरमा राखेर काम गरौंला। तपाईंहरूको इज्जत थामेर बसौंला। शुभेच्छा। धन्यवाद !

⊠ ⊠ ⊠